# विश्वविद्यालय अनुदान आयोग
## उच्च शिक्षामा विशिष्टताको प्रबर्द्धन कार्यक्रम

### समतामा आधारित अनुदान (Equity Grants) का लागि
### आशयपत्र पेश गर्ने सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०७९/०४/२० गते**

विश्वविद्यालय अनुदान आयोगले राष्ट्रिय उच्च शिक्षा कार्यक्रम (National Higher Education Program – NHEP) कार्यान्वयनको क्रममा विश्व बैंकको सहयोगमा "उच्च शिक्षाको श्रम बजारमा सान्दर्भिकता र गुणस्तरको सवलीकरण, सहकार्यमा आधारित अनुसन्धान र नवप्रवर्तनको बढावा तथा अल्पसंख्यक र प्रकोप प्रभावित समूहहरुको उच्च शिक्षामा समतामूलक पहुँचको विस्तार गर्ने" उद्देश्यका साथ उच्च शिक्षामा विशिष्टताको प्रबर्द्धन कार्यक्रम **(Nurturing Excellence in Higher Education Program – NEHEP)** सञ्चालनमा ल्याएको छ ।

उच्च शिक्षाको विकास र विस्तारका लागि यस कार्यक्रम अन्तर्गत व्यवस्था गरिएको अनुदान सहयोगका विभिन्न प्रावधानहरुमा **समतामा आधारित अनुदान (Equity Grants)** पनि एक रहेको छ । यस कार्यक्रम अर्न्तगत पिछडिएका, दुर्गम र प्रकोप प्रभावित क्षेत्र (Lagging behind, remote and disaster affected regions/areas) मा सञ्चालित विश्वविद्यालयका आंगिक *(सम्बन्धित विश्वविद्यालय मार्फत)* र सम्बन्धन प्राप्त सामुदायिक क्याम्पसहरु *(विश्वविद्यालय अनुदान आयोग मार्फत)* लाई निर्धारित मापदण्डका आधारमा अनुदान उपलब्ध गराउने व्यवस्था गरिएको छ ।

तपसिलमा उल्लेखित योग्यता पुगेका इच्छुक सामुदायिक क्याम्पसहरुले समतामा आधारित अनुदान (Equity Grants) का लागि निम्नानुसार तोकिएका सम्पूर्ण कागजात सहित मिति २०७९/०५/२३ गते विहिवार ५:०० बजेभित्र इमेल *reform@ugcnepal.edu.np* मार्फत वा आयोगको कार्यालयमा आवेदन पेश गर्नहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.सं. | न्यूनतम योग्यता |
|---|---|
| १ | पिछडिएका, दुर्गम र प्रकोप प्रभावित क्षेत्र *(Lagging behind, remote and disaster affected regions/areas)* मा सञ्चालित सम्बन्धन प्राप्त सामुदायिक क्याम्पसहरु |
| २ | विश्वविद्यालय अनुदान आयोगबाट आ.व. २०७८/०७९ मा नियमित अनुदान प्राप्त गरेको |
| ३ | न्यूनतम विद्यार्थी संख्या:<br>क) साधारण तर्फ:<br>- तराई जिल्ला: ७५ जना<br>- हिमाली र पहाडी - ६० जना<br>वा<br>ख) विज्ञान तथा प्रविधि, संस्कृत, प्राथमिकता क्षेत्रका कार्यक्रमहरु लगायत शारिरीक रुपमा भिन्न विद्यार्थीहरुका लागि सञ्चानल गरिएका कार्यक्रमहरु - ४० जना प्रति कार्यक्रम<br>*(कोटा निर्धारण गरिएका कार्यक्रमहरुका हकमा सोही अनुसार)* |
| ४ | सम्बन्धित विश्वविद्यालयबाट सम्बन्धन नवीकरण भएको |
| ५ | आ.व. २०७७/०७८ को लेखापरीक्षण गराएको |

**प्रस्ताव मूल्याङ्कनमा कम्तिमा ५० प्रतिशत अंक प्राप्त गर्ने उच्च शैक्षिक संस्थाहरुमध्येबाट योग्यताक्रमको आधारमा समतामा आधारित अनुदान (Equity Grants) का लागि छनोट गरिनेछ।**

**निवेदन/आशय पत्रका साथ संलग्न हुनु पर्ने कागजातहरु:**

१. क्याम्पसको स्वीकृत विधान/ नियमावली
२. क्याम्पसमा सञ्चालित सम्पूर्ण कार्यक्रमहरुको सम्बन्धित विश्वविद्यालयबाट प्रदान गरिएको अद्यावधिक नवीकरण पत्र
३. आ.व. २०७७/०७८ को लेखापरीक्षण प्रतिवेदन
४. सम्बन्धित विश्वविद्यालयको परीक्षा नियन्त्रकको कार्यालयबाट जारी गरिएका कार्यक्रमगत पछिल्लो marks ledger का प्रति
५. आ.व. २०७७/०७८ को वार्षिक प्रगति प्रतिवेदन
६. क्याम्पस सञ्चालक समितिको पछिल्लो दुई बैठकको माइन्यूटको प्रतिलिपि
७. प्रस्ताव (वेभसाइटमा संलग्न ढाँचा अनुसार)
८. तथ्यांक फाराम

**नोट:** यस सूचनासँग सम्बन्धित थप विस्तृत विवरण आयोगको website: **www.ugcnepal.edu.np** बाट प्राप्त गर्न सकिने छ।

***थप जानकारीका लागि***

*विश्वविद्यालय अनुदान आयोग*
*फोन नं. ०१-६६३८५४८/४९/५० /५१*
*E-mail : reform@ugcnepal.edu.np सानोठिमी, भक्तपुर*